नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

फोन { ४२००५०५, ४२००२९९, ४२००३०६
फ्याक्स नं.: ४२००३२२

पत्र संख्या:-

चलानी नं.:-

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

मितिः २०७८/०६/१०

## काज फिर्ता गरिएको सूचना

प्रत्येक दश बर्षमा हुने राष्ट्रिय जनगणना यही मिति २०७८/०५/३० देखि शुरु भएको सर्वविदितै छ । उक्त कार्यलाई प्रभावकारी रुपमा तोकिएको समय भित्रै सम्पन्न गर्नु हामी सबैको दायित्व रहेको छ । यसै सन्दर्भमा राष्ट्रिय योजना आयोगबाट मिति २०७८/०६/०१ को पत्रबाट स्थानीय तहमा कार्यरत तथा जनगणना कार्यका लागि काजमा खटिएका सम्पूर्ण कर्मचारीहरुलाई राष्ट्रिय जनगणनाको अवधिभर हाल कार्यरत स्थान/निकायमै रहने व्यवस्था मिलाउन लेखी आए बमोजिम यस मन्त्रालयको मिति २०७८/०६/०१ मा प्रकाशित सूचना बमोजिम उल्लिखित कर्मचारीहरुको सरुवा/काज सम्बन्धी कार्य जनगणना अवधिभरका लागि स्थगन गरिएको व्यहोरा अवगत नै छ । यसका साथै स्थानीय तहमा कार्यरत कर्मचारीहरुमध्ये विभिन्न कारणवश विभिन्न मितिमा बढीमा ३ (तीन) महिनाको म्याद तोकी काजमा खटाईएका सम्पूर्ण कर्मचारीहरुलाई पदाधिकार रहेकै निकायमा अविलम्ब काज फिर्ता गर्ने व्यवस्थाका लागि सम्बन्धित सबैमा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

.....................

(सागर के.सी.)

शाखा अधिकृत